# तेह्रथुम जिल्ला अदालत

म्याङलुङ, तेह्रथुम

फोन नं. ०२६-४६०१९५

( प्रशासन शाखा )

**Email:** info.dctehrathum@supremecourt.gov.np

**Website:** www.supremecourt.gov.np


मिति:-२०८१/०६/१६

नेपाल सम्बत: ११४४ अलागा ३० बुधवार

## विषय: सूचना ! सूचना !! सूचना !!!

वडा दशैं २०८१ को अवसरमा मिति २०८१ साल असोज १७ गते घटस्थापनाका दिनदेखि ऐ.३० गते कोजाग्रत पूर्णिमाका दिनसम्म अदालतहरु दशैं विदामा बन्द रहने हुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजम बन्दीप्रत्यक्षीकरणको निवेदन सुनुवाई गर्ने तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ बमोजिम पक्राउ पूर्जी जारी गर्ने अनुमती प्रदान गर्ने विशेष व्यवस्था अन्तर्गत घटस्थापना, विजया दशमी र विदा अवधिमा पर्ने शनिवारका दिन बाहेक अन्य दिनहरुमा यस अदालतको क्षेत्राधिकार अन्तर्गत पर्न आएका बन्दीप्रत्यक्षीकरणका निवेदनहरुको सुनुवाई गर्ने, अनुमती प्रदान गर्ने तथा जरुरी पक्राउ पुर्जीको स्वीकृती प्रदान गर्ने प्रयोजनका लागि अदालत खुल्ला रहने हुँदा तपसिल बमोजिमको समय निर्धारण गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ऋतु राई

श्रेस्तेदार ( उपसचिव )

**तपसिल**

निवेदन दर्ता : बिहान ११:०० बजेदेखि ०३:०० बजेसम्म

सुनुवाईको व्यवस्था : दिनको १:०० बजेसम्म दर्ता हुन आएका निवेदनहरु सोही दिन इजलास समक्ष पेश गरिने र त्यसपछि दर्ता भएको दिनको भोलिपल्ट इजलास समक्ष पेश गरिनेछ ।